# दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना कार्यक्रम अनुदान सम्बन्धी कार्यविधि, २०८०

(स्वीकृत मितिः २०८०/१२/०४)

## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

# दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना कार्यक्रम अनुदान सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः-**

मंगला गाउँपालिकामा पशुजन्य दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना कार्यक्रम सञ्चालन गरि यस गाउँपालिकामा स्वच्छ स्वस्थ एवंम् गुणस्तरीय दूध तथा दुग्धजन्य पदार्थ /उप-उत्पादन गरि उपभोक्ता समक्ष उपलब्ध गराउने उद्धेश्यले दुग्ध उत्पादन/ दुग्धजन्य उप-उत्पादन कृषक समूह तथा कृषि सहकारी संस्थाको लागत साझेदारीमा कार्यक्रमलाई व्यवस्थित सरल, सहज,प्रभावकारी र पारदर्शी रूपमा स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरि मंगला गाउँपालिका गाउँ कार्यपालिकाद्वारा यो कार्यविधि स्वीकृत गरि लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम " दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना " कार्यक्रम अनुदान सम्बन्धी कार्यविधि २०८० रहेको छ ।

ख) यो कार्यविधि मंगला गाउँपालिका, गाउँ कार्यपालिका बाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"कार्यालय"** भन्नाले मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) **"कार्यक्रम"** भन्नाले मंगला गाउँपालिकाको दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना व्यवस्थापन अनुदान ससम्बन्धी कार्यक्रम सम्झनु पर्दछ ।

ग) **"शाखा"** भन्नाले मंगला गाउँपालिका अन्तर्गत रहेको पशु सेवा शाखा सम्झनु पर्दछ।

घ) **"समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने समिति सम्झनु पर्दछ ।

ङ) **"कार्यविधि"** भन्नाले दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना कार्यक्रम अनुदान सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्दछ।

च) **"गाउँपालिका"** भन्नाले मंगला गाउँपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

**३. उद्देश्यः- यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

क) दूध तथा दुग्धजन्य पदार्थको गुणस्तर कायम राख्न ।

ख) दूध तथा दुग्धजन्य पदार्थको आयात तथा निर्यातलाई व्यवस्थित गर्न ।

ग) दूध तथा दुग्धजन्य उत्पादनमा आत्मनिर्भर गराउन ।

घ) दूध संकलन गरी दूध तथा दुग्धजन्य पदार्थको बजारिकरण गर्न ।

ङ) साना कृषकहरुलाई समेत दूध उत्पादन संगठीत बजारमा प्रवाह गर्ने ।

**४. कार्यक्रम क्षेत्र सम्बन्धी व्यवस्थाः**

क) मंगला गाउँपालिकाको सम्पूर्ण क्षेत्र तथा वडा रहनेछ ।

## परिच्छेद ३

**५. कार्यक्रम संचालन प्रक्रियाः**

क. पशु सेवा शाखाले कार्यक्रमको प्रस्ताव सम्बन्धी सूचना अनुसूची १ बमोजिम कम्तीमा १५ दिनको म्याद राखि सूचना प्रकाशन गर्नु पर्नेछ र सो सूचना गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयमा समेत टाँस गर्नु पर्नेछ ।

ख. अनुदानको लागि कृषकले अनुसूची -२ बमोजिमको ढाँचामा आवेदन वडा कार्यालय मार्फत वा सोझै पशु सेवा शाखामा दिन सक्नेछन् ।

ग. प्राप्त निवेदकहरूको अनुगमन समितिले स्थलगत अनुगमन गरि सो को प्रतिवेदन छनौट तथा कार्यान्वयन समितिमा पेश गर्नु पर्नेछ ।

घ. कार्यक्रम संचालन गर्दा समितिले निश्चित मापदण्डको आधारमा कृषक समूह, कृषि सहकारी संस्थाको छनौट गरिने छ ।

ङ. मापदण्ड बमोजिम पशु सेवा शाखाले वडाको सिफारिस सहित कृषकको छनौटको लागि छनौट तथा कार्यान्वयन समिति समक्ष पेश गर्नुपर्ने छ ।

च. दफा (५) को (ङ) बमोजिम अनुगमन समितिले अनुगमन गरि अनुगमन प्रतिवेदनको आधारमा मूल्याङ्कन गरि लाभग्राही कृषक समूह र कृषि सहकारी संस्था छनौट गर्नुपर्ने छ ।

छ. छनौट भएका लाभग्राही कृषक समूह, कृषि सहकारी संस्थाले प्रस्ताव दर्ता गर्दा दफा (५) को (क) बमोजिमको समय अवधि भित्र साझेदारी गर्न आवश्यक पर्ने कृषि सामग्री, डेरि मेशिनरी

उपकरणहरु तथा अन्य विविध क्रियाकलापहरु अनुसूची -३ बमोजिमको कार्य योजना तयार गरि पेश गर्नु पर्नेछ ।

ज. दफा (५) को (ङ) बमोजिम अनुगमन समितिले अनुगमन गरि अनुगमन प्रतिवेदनको आधारमा मूल्याङ्कन गरि लाभग्राही कृषक समूह र कृषि सहकारी संस्था छनौट गर्नुपर्ने छ र कार्यालय बिच कार्यक्रम कार्यान्वयन सम्झौता हुने छ ।

झ. दूध संकलन तथा चिस्यान संकलन केन्द्र संचालन र व्यवस्थापन गर्न आवश्यक पर्ने कृषि सामग्री, डेरि मेशिनरी उपकरणहरु छनौट भएका कृषक समूह, कृषि सहकारी संस्थालाई लागत साझेदारीमा खरिद गरि हस्तान्तरण गरिने छ ।

**६. छनौट तथा कार्यान्वयन समितिः** यस कार्यविधिको कार्यान्वयन गर्न तथा कृषक छनौट गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष- संयोजक

ख) गाउँपालिका उपाध्यक्ष- सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ) प्रमुखले तोकेको एक महिला सहित ३ (तिन) जना कार्यपालिका सदस्य- सदस्य

ङ) पशुपन्छी सेवा शाखाका प्रमुख/पशु विकास अधिकृत/पशु चिकिस्तक मध्ये १ जना- सदस्य सचिव

**७. प्रस्ताव छनौटको मापदण्डः**

क. दैनिक कम्तिमा २०० लि. र वार्षिक कम्तिमा २०० दिनसम्म दूधको कारोबार गर्ने गरेको हुनुपर्ने छ ।

ख. नियमित रुपमा सहकारीको हकमा साधारण सभा ,समूहको हकमा समूहको समितिको बैठक बसेको र लेखा परीक्षण गरेको हुनुपर्ने छ ।

ग. स्थायी लेखा नम्बर प्राप्त गरेको हुनुपर्ने छ ।

घ. कृषक समूह, कृषि सहकारीमा आवद्ध सबै कृषकहरुले पशु विमा गरेको हुनुपर्ने छ ।

ङ. उत्पादन हुने दूध तथा दुग्धजन्य उत्पादन/उप-उत्पादन गुणस्तर दूध तथा दुग्ध पदार्थ उत्पादन मापदण्ड निर्देशिका-२०७५ बमोजिम हुनुपर्ने छ ।

च. अनुदान वितरण गर्दा लाभग्रही कृषक गाउँपालिका भित्रको हुनुपर्ने छ ।

## परिच्छेद ४

**८. मुल्यांकन समिति**

आवेदन र प्रस्ताव उपर छानबिन तथा मुल्यांकन गर्नका लागि तपशिल बमोजिमको मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**९.** दफा ७ अनुसारको मुल्यांकन समितिले पर्न आएका आवेदनहरूको अनुसूची-४ अनुसारको आधारमा मूल्यांकन गरी अनुदान उपलब्ध गराउन सिफारिस गर्नेछ ।

**१०.** अनुसूची ४ बमोजिम आवेदकको मूल्याङ्कन गरि प्राप्त अङ्कको आधारमा साझेदार संस्था छनौट गरिनेछ।

## परिच्छेद ५

**११. सम्झौताः-**

क. आवेदक छनौट भएको जानकारी कार्यालयले आवेदकलाई जानकारी दिनेछ ।जानकारी दिइएको मितिले १५ दिन भित्र सम्बन्धीत साझेदार संस्थाले गाउँपालिकासँग अनुसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ।

ख. दफा (११) को खण्ड (क) बमोजिम समय अवधी भित्र सम्झौता गर्न नआएमा योग्यताक्रम अनुसार क्रमशः दोश्रो र तेश्रो संस्था संग अनुसूची- ५ बमोजिम सम्झौता गर्न सकिनेछ ।

ग. प्रस्ताव आव्हान गर्दा प्रस्ताव नपरेमा वा १ मात्र प्रस्ताव परी सम्झौता गर्न नआएमा पुनः प्रस्तावना आव्हान गरिनेछ ।

**१२. भुक्तानी प्रक्रियाः-**

क. सम्झौता पश्चात कृषक समूह, कृषि सहकारी संस्थाले आवश्यक कागजात पत्र तथा बिल भरपाई संलग्न राखि नियमानुसारको अनुदान रकमको लागि भुक्तानी माग गरे पश्चात कार्यालयले नियमानुसार रकम भुक्तानी गर्ने छ ।

**१३. थपघट वा हेरफर गर्न सक्नेः-**

क. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

ख. यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो वाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

ग. यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

**१४. बचाउः-**

क. यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन अनुसार गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

अनुसूची १

दफा ५ (क) सँग सम्बन्धीत

<u>प्रस्ताव आह्वान सम्बन्धी सूचना</u>

प्रथम पटक प्रकाशित मितिः-...............................

आ.व. ....................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना/व्यवस्थापन कार्यक्रमको माध्यमबाट स्वरोजगार सृजना गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक समूह, कृषि सहकारी संस्थाबाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक कृषक समूह, कृषि सहकारीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल अनुसारका कागजातहरू सहित तोकिएको ढाँचा अनुसारको प्रस्ताव गाउँपालिकाको पशु सेवा शाखामा दर्ता गर्न हुन यो सूचना जारी गरिएको छ । पिछडिएको क्षेत्र द्वन्द पिडित, एकल महिला र विपन्न वर्गका समुदायमा आवद्ध सहकारीलाई विशेष प्राथमिकता दिइनेछ ।

<u>तपसिल</u>

१. अनुसूची ४ अनुसारको संक्षिप्त व्यवसायिक कार्ययोजना ।
२. कृषक समूह, कृषि सहकारी संस्था दर्ता नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
३. कार्य समितिको निर्णयको प्रतिलिपि।
४. कार्य समितिको पदाधिकारीको ने.ना.प्र.प. को प्रतिलिपि।
५. स्थायी लेखा नम्बर ।
६. लेखा परिक्षण प्रतिवेदन।

अनुसूची २

दफा ५ को (ख) सँग सम्बन्धीत

**<u>प्रस्तावना पत्र पेश गर्ने आवेदन पत्र</u>**

मितिः-....................................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
बाबियाचौर, म्याग्दी।

बिषयः- दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना/व्यवस्थापन कार्यक्रम अनुदान बारे ।

महोदय,

हामीलाई दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना/व्यवस्थापन कार्यक्रम अनुदान संचालन गर्न अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने इच्छा भएकोले निम्नानुसारका कागजात राखि निवेदन गरेका छौं ।हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार सम्बन्धित गाउँपालिका भित्र रहि कार्य गर्ने छौं भनि यो संक्षिप्त प्रस्तावना पत्र र आवश्यक कागजातहरू संलग्न गरि यो निवेदन गरिएको व्यहोरा अनुरोध छ।

<u>तपसिलः</u>

१. अनुसूची ३ अनुसारको संक्षिप्त व्यवसायिक कार्ययोजना।
२. कृषक समूह, कृषि सहकारी संस्था दर्ता नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
३. कार्य समितिको निर्णयको प्रतिलिपि।
४. अन्य आवश्यक विवरण।

निवेदकः
नामः
दस्तखतः
पदः
सहकारीः
ठेगानाः
छापः

अनुसूची ३

दफा ५ को (छ) सँग सम्बन्धीत

<u>प्रस्तावित कार्ययोजना</u>

१. सहकारीको नामः-............................................... सम्पर्क नं. ..............................

२. ठेगानाः- .............................. गाउँ/टोल ........... नं. वडा कार्याक्रम संचालन गरिने स्थान

..........................................................................................

३. दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना/व्यवस्थापन कार्यक्रम संचालन गरिने कार्य विवरणः-

| क्र.स. | कार्यक्रम | |
|---|---|---|
| १. | प्रस्तावित कार्यक्रमको नामः- | |
| २. | कार्यक्रम कार्यान्वयन हुने स्थानः- | |
| ३. | आवदेकको नाम र ठेगानाः- | |
| ४. | आवश्यक मेशिनरी तथा उपकरणहरुः- | |
| ५. | प्रस्तावित कार्यक्रमको अनुमानित लागतः- | |
| ६. | प्रस्तावकले आफ्नै स्रोतबाट व्यहोर्ने रकमः- | |
| ७. | विविधः- | |
| ८. | प्रस्तावित कार्यक्रमको उद्धेश्यः- | |

साझेदार संस्थाको तर्फबाट सहि गर्नेको

औंठा छाँप

| दायाँ | बाँया |
|---|---|
| | |

नामः

पदः

सहीः

मितिः

छापः

अनुसूची ४

(दफा १० सँग सम्बन्धित)

<u>दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना/व्यवस्थापन कार्यक्रमको प्रस्तावना वा साझेदार संस्था छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु</u>

फर्मको नामः ..........................................................................................................

ठेगानाः- ..............................................................................................................

| दर्ता नं. | प्रस्तावित कार्ययोजना (२०) | दूध उत्पादन कृषक सदस्य संख्या (३०) | दैनिक दूध संकलन परिमाण लिटर (२०) | पिछडिएको क्षेत्र (१०) | द्वन्द पिडित (१०) | एकल महिला (५) | विपन्न वर्गका समुदाय (५) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुसूची ५

(दफा ११ को (क) सँग सम्बन्धीत)

## सम्झौता पत्र

मंगला गाउँकार्यपालिकाको कार्यालय (यसपछी प्रथम पक्ष भनिएको) र ........................................................ (यसपछी दोश्रो पक्ष भनिएको) दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना/व्यवस्थापन कार्यक्रम संचालनको लागि देहाय बमोजिम शर्तको अधीनमा रही तोकिएको शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ।

## शर्तहरु

१. प्रस्तावित दूध संकलन तथा दूध चिस्यान केन्द्र स्थापना/व्यवस्थापन कार्यक्रम म्याग्दी जिल्ला मंगला गाउँपालिका, ....... नं वडा, .................................. टोल ........................... मा मिति.........................देखि.....................सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रस्तावना पत्रमा पेश भए अनुसारको कार्य भएको हुनुपर्नेछ ।

३. अन्तिम भुक्तानी लिन आउँदा आवश्यक विल भर्पाई,कार्यक्रमको माइन्यूट, कार्यक्रमको फोटो र वडा कार्यालयको सिफारिस आदि आवश्यक कागजात पेश हुनुपर्ने ।

४. सम्झौता अनुसारको कार्य नभएमा वा उपलब्धी स्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाकी सरह असुल उपर गर्न सक्नेछ ।

५. दोश्रो पक्षले कार्यक्रम संचालन गर्दा प्रथम पक्षलाई जानकारी दिएर मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ ।

६. प्रथम पक्षले उक्त कार्यक्रमहरुमा खर्च भएको रकम दोश्रो पक्षले पेश गरेको विल भर्पाई आधारमा रु. .................... अक्षरुपी ....................................................... सम्म उपलब्ध गराउने छ । नियमानुसार लाग्ने कर दोश्रो पक्षले व्यहोर्नु पर्ने छ ।

७. प्रस्तावित कार्यक्रम स्थल सम्झौता अनुसारको भन्दा अन्यन्त्र सारिने छैन् तथापी बाहिरको अवस्थामा स्थानान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित् स्वीकृत अनिवार्य रुपमा लिनु पर्ने छ ।

८. प्रस्तावित कार्यक्रम संचालन गरिएको स्थानमा सहयोग गर्ने निकायको नाम उल्लेखित बोर्ड राख्ने कार्य दोश्रो पक्षले अनिवार्य रुपमा गर्ने छ ।

९. सम्झौतामा उल्लेख नभएका विषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१०. उत्पादित बस्तु दूध तथा दुग्धजन्य पदार्थ बजारिकरणको व्यवस्था दोश्रो पक्षले गर्ने छ ।

| | |
|---|---|
| दोश्रो पक्षको तर्फबाटः | पहिलो पक्षको तर्फबाटः |
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| समूह/सहकारीको छापः | छापः |
| | |
| साँक्षीः | साँक्षीः |
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |